## बैठक नं. ७०

आज मिति २०७७ माघ १७ गते ~~सोमबारको~~ मंगलबार दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षतामा ७० औ कार्यपालिका बैठक बस्यो ।

उपस्थिती

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी. | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख बहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नवकुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य -सचिव | |

Scanned with CamScanner

अन्य आमन्त्रित

१. राम प्रसाद शर्मा, नगर शिक्षा प्रमुख, शिक्षा तथा खेलकुद विकास शाखा
२. जिवलाल श्रेष्ठ, अधिकृत आठौं, प्रशासन तथा योजना शाखा
३. टिकाराम वल्याल, ईन्जिनियर, पुर्वाधार विकास शाखा
४. अमिताभ पन्थी, अधिकृत छैठौं, योजना उपशाखा
५. कृष्ण हरी सापकोटा, सूचना प्रविधि अधिकृत, सूचना शाखा
६. अनिता काफ्ले, लेखापाल, आर्थिक प्रशासन शाखा

## ७०औं वैठक

**२०७७।१०।२० को नगर कार्यपालिकाको वैठकमा छलफलका भइ निर्णय भएका विषयहरु**

१, नपुग रकम विनियोजित गरी कार्यसंश्चालन गर्ने सम्वन्धमा

(क) पदाधिकारीहरुको पारिश्रमिक रकम व्यवस्था गर्ने

(ख) कार्यालयको गेट निर्माण र घेरवार गर्ने

(ग) भूमिसम्वन्धी कार्यका लागि रकम व्यवस्था गर्ने

(घ) सुरक्षित आवासका लागि नपुग रकम व्यवस्था गर्ने

२, सहायक स्तरका कर्मचारीहरुको करार पदको अस्थायी दरवन्दी कायम गर्ने सम्वन्धमा

३, बौलाहाखोलामा तटवन्ध निर्माणका लागि बजेट माग गर्ने सम्वन्धमा

४, बहुक्षेत्रीय पोषण कार्यक्रम स्वीकृत गर्ने सम्वन्धमा

५, योजना/कार्यक्रम हेरफेर गर्ने सम्वन्धमा

६, मालपोत कार्यालय कवासोतीलाइ रकम उपलव्ध गराउने सम्वन्धमा

७, सर्जमिन मुचुल्काको पारिश्रमिक रकम सम्वन्धमा

८, रंगरोगनमा एकरुपता कायम गर्ने सम्वन्धमा

९, जग्गाको वर्गीकरण गर्ने सम्वन्धमा

१०, निर्णय शंसोधन गर्ने सम्वन्धमा

११, भिसेन आदर्श मा.वि.को गुरुयोजना स्वीकृत गर्ने सम्वन्धमा

१२, प्रादेशिक एवम्र स्थानीय सडक स्तरोन्नतीका लागि सिफारिस गर्ने सम्वन्धमा

१३, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको परियोजन प्रस्ताव सिफारिस गर्ने सम्वन्धमा

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं १,**

प्रस्ताव नं १ उपर छलफल गर्दा चालु आ.व. मा विनियोजित रकम मध्येबाट निम्नानुसार कार्यका लागि विनियोजन भएको रकम नपुग भएकोले निम्न कार्यका लागि निम्नानुसारको बजेटबाट व्यवस्था हुनेगरी निम्नानुसारको कार्यसंचालनमा रकम विनियोजनका लागि नगर सभामा पेशगर्ने निर्णय गरियो ।

(क) आ.व.२०७७/०७८ का लागि पदाधिकारीहरुको पारिश्रमिक (खर्च शीर्षक २१११२) सरदर २ करोड आवश्यक पर्नेमा यस आ.व. मा रु, १ करोड २३ लाख विनियोजन भइ सो रकमबाट गत आ.व. को पारिश्रमिक समेत भुक्तानी दिइ नपुग हुने पारिश्रमिक रकम रु, १ करोड ३० लाख मध्ये चालु आ.व. मा विनियोजित बजेट पुस्तिकाको सि.नं.१७२ को नगरस्तरीय सडक गुरुयोजना एम.टि. एम. पी.निर्माणमा बढी हुने रकम मध्येबाट रु, ९० लाख व्यवस्था गरी बाँकी नपुग रकम आन्तरिक आम्दानीबाट क्रमशः भुक्तानी दिने ।

(ख) नगरपालिका कार्यालयको सुरक्षाको लागि कार्यालयमा प्रवेश गर्ने गेट सडक सिमानाबाट भित्र सार्नुपर्ने देखिएको र कार्यालयको सुरक्षाको दृष्टिले कार्यालय पछाडिको भागमा घेरावार लगाउन अति आवश्यक देखिएको र सो कार्यका लागि चालु आ.व.मा विनियोजित बजेट पुस्तिकाको सि.नं.६४, उपभोक्ता समितिलाइ तालिम शीर्षकबाट रु, २ लाख र सि.नं ७४, पदाधिकारी तथा कर्मचारीहरुको अध्ययन अवलोकन र क्षमता विकास शीर्षकको सबै रकम रु, १० लाख व्यवस्थापन गर्ने ।

(ग) भूमि समस्या समाधान आयोगबाट भूमिहीन दलित तथा सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुका लागि जग्गा उपलब्ध गराउने सम्वन्धमा भूमि समस्या समाधान आयोग र यस नगरपालिका वीच मिति २०७७।८।२७ मा संम्झौता भए अनुसार यस नगरपालिका क्षेत्रभित्र उक्त कार्य संचालनका लागि आवश्यक पर्ने बजेट विनियोजन नभएको र हाल उक्त थप कार्य गर्नुपर्ने भएकोले सो कार्यका लागि चालु आ.व.मा विनियोजित बजेट पुस्तिकाको सि.नं.१८०, विभिन्न वडाको वडागत तथा नगरस्तरीय योजनामा संम्झौता बमोजिम कार्य सम्पन्नका आधारमा रकम भुक्तानी गर्ने शीर्षक मध्येबाट ५० लाख रुपैया विनियोजन गर्ने ।

(घ) गत आ.व. मा समेत देवचुली मर्यादित आवास कार्यक्रम संचालनमा आएकोमा उक्त अवधिमा नगरपालिकाबाट निर्माण भइ हस्तातरणका लागि तयार भएका घरहरुमा प्लास्टर, झयाल, ढोका र शौचालय समेत नभएको र त्यस्ता भवनहरु हस्तान्तरण हुन अशोभनीय देखिएकोले उक्त कार्यका लागि नपुग रकम चालु आ.व. मा विनियोजित बजेट पुस्तिकाको सि.नं.१७१ मा विनियोजित नगर चक्रपथ डि.पि.आर.निर्माण सम्वन्धी खर्च शीर्षक मध्येबाट रु, २० लाख रुपैया विनियोजन गर्ने ।

**निर्णय नं २,**

प्रस्ताव नं २ उपर छलफल गर्दा यस कार्यालय वा अन्तरगत वडा कार्यालयहरुमा कार्यरत करार सेवाका कार्यालय सहयोगी र सवारी चालक जस्ता सहायक स्तरका कर्मचारीहरुलाइ तलब शीर्षकबाट पारिश्रमिक रकम भुक्तानी गर्न समस्या पर्नजाने भएकोले नगरपालिका कार्यालयका लागि ५ कार्यालय सहयोगी, २ जना हलुका सवारी चालक, २ जना हेभी सवारी चालक र वडा कार्यालयहरुमा प्रत्येक वडामा एक/एक जनाका दरले कार्यालय सहयोगी १७ समेत जम्मा २६ जनाको अस्थायी दरवन्दी सिर्जना गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं ३,**

प्रस्ताव नं ३ उपर छलफल गर्दा यस नगरपालिका वडा नं. १३ र ३ को दायाँ बाँया तर्फको भागमा वर्षादको समयमा खोलाले भूक्षय गराइ जमिन भत्काउदै गरेको र उक्त स्थानमा तत्काल खोला नियन्त्रण गर्न लगभग रु, १५ लाख रकम आवश्यक पर्ने देखिएको, उक्त खोला तटवन्ध नहुँदा वर्षादको समयमा खोला कटानका कारण ठुलो क्षति पुग्न जाने देखिएकोमा सो कार्यका लागि तत्काल यस कार्यालयमा बजेट व्यवस्था गर्न नसकिने भएकोले खोला नियन्त्रण तथा तटवन्ध/पूर्वाधार सुधार निर्माण कार्यका लागि जिल्ला समन्वय समिति नवलपरासी (ब.सु.पू.) बाट प्राप्त रकम सोही कार्यमा बिनियोजित गरी तटबन्ध निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं ४,**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा नेपाल सरकारको ससर्त अनुदान र यस कार्यालय समेतबाट बिनियोजित रकम नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्दशक समितिबाट सिफारिस भए अनुसार रु, ३३,४२,०००।- को कार्यक्रमलाइ पेशभए बमोजिम विषयगत शाखा समेतबाट तोकिए अनुसार म्याद भित्रै संचालन गर्नेगरी स्वीकृति गर्ने निर्णय गरियो ।

**निर्णय नं ५,**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस नगरपालिका ५ नं. वडा कार्यालयमा नगरसभाबाट स्वीकृत विऊ विजन अनुदान कार्यक्रम अन्तरगतको रु,३ लाख रकमको कार्यक्रमलाई रुपान्तरण गरी मिर्तुङ्ग सिंचाई बाँध कुलो निर्माणका लागि उक्त रकम हेरफेर गर्न माग भइ आए अनुसार माग वमोजिम योजना संचालनका लागि स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ६,**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा मालपोत कार्यालय कवासोतीबाट शौचालय, सरसफाइ लगायत फर्निचर व्यवस्थापनका लागि रु, २ लाख रुपैया माग भइ आएकोमा उक्त कार्यका लागि स्रोत व्यवस्थापन गर्न कठिनाइ परेकोले मालपोत कार्यालयबाट प्राप्त रजिष्ट्रेशन शुल्क रकम मध्येबाट हाललाइ रु, १ लाख रुपैया उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ७,**

प्रस्ताव नं. ७ उपर छलफल गर्दा वडा कार्यालयबाट विभिन्न प्रकृतिको कार्यमा द्विविधा भई बास्तविकता पहिचान गर्ने सिलसिलामा स्थलगत सर्जमिन मुचुल्का गर्दा वडा सचिव/कर्मचारीहरुलाइ कार्यालय समय बाहेकको समयमा खटिनु पर्ने भएको र उक्त कार्य गराउन निजहरुलाइ दैनिक भत्ता दिने व्यवस्था गर्न नसकिएको हुँदा स्थलगत सर्जमिन गर्दा प्रति सर्जमिन रु, ५००।- का दरले नगदी

गोविन्द रिजाल
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

रसिद काटि लिइने रकम मध्येबाट स्थलगत सर्जमिन गर्ने कर्मचारी/वडा सचिवलाइ आगामी आ.व. देखि रु, ३००।- पाउने गरी हाललाइ चालु आ.व.को शुरु देखि नै प्रति सर्जमिन रु, २००।- का दरले कार्यमूलक प्रोत्साहन भत्ता उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ८,**

प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस नगरपालिकाबाट सुरक्षित/मर्यादित आवास कार्यक्रम अन्तरगत संघीय सरकार, प्रदेश सरकार र स्थानीय स्तरबाट अनुदान सहयोगमा निर्माण भएका भवनहरुमाएकै प्रकारको रंगबाट विशेष पहिचान गर्नेसिलसिलामा त्यस्ता घरहरुमा रंगरोगन गर्दा नगरपालिका कार्यालय भवनको बाहिर लगाइएको गुलाफी रातो रंग प्रयोग गरी एकरुपता कायम गर्ने/गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं ९,**

प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रमा भूमि सम्वन्धी समस्या समाधान आयोगबाट उपलव्ध गराउने जग्गा प्रयोजनको सिलसिलामा यस नगरपालिका क्षेत्रका जग्गाकोवर्गीकरणका लागि निम्नानुसार स्थानहरुमा निम्नानुसार बर्गीकरण गर्ने निर्णय गरियो ।

| सि.नं | वडा क्षेत्र | स्थान | जग्गाको बर्गीकरण | कैफियत |
|---|---|---|---|---|
| १ | १,२,१३,१४,१५,१६,१७ | नारायणी नदी किनारको सामुदायिक वनको सिमना बाट ५०० मि.बाहिरको क्षेत्र र १५ नं. को सालघारी क्षेत्र | ग्रामिण क्षेत्र | यस नगरपालिका क्षेत्रमा शहरीक्षेत्र का लागि उपयुक्त स्थान नदेखिएको |
| ३ | १, १३ | बौलाहा खोलाको किनारावाट २०० मि. सम्म राजमार्ग देखि तलका क्षेत्र र १३ नं. को बोटेटोल क्षेत्र | | |
| ४, | ४ | भ्रांक्रे | | |
| ५ | ५ | वन्दिपुर | | |
| ६ | ६ | कुम्सोद,किर्तिपुर | | |
| ७ | ७ | सालघारी, बोटेटोल | | |
| ८ | १६ | वाह्रकोल, बेलस्वारा , आंपचौर,पनाडखोला | | |
| ९ | १७ | वडटांडी | | |
| १० | १ देखि १७ वडा | उल्लेखित क्षेत्र बाहेकका अन्य स्थानहरु | शहरउन्मुख क्षेत्र | |

**निर्णय नं १०,**

प्रस्ताव नं.१० उपर छलफल गर्दा यस नगर कार्यपालिकाको ६९ औं बैठकको विविध विषय अन्तरगत निर्णय नं. (च) मा गण्डकी प्रदेश सरकारबाट पूर्वाधार बिकास कार्यलय मार्फत यस नगरपालिकाको वडा नं. १२ र वडा नं. ५ जोड्नका लागि यस कार्यापालिकाबाट भएको वडा नं. १२ को मुक्ति क्षेत्र र वडा नं. ५ को कदमपुर जोड्ने स्थान कायम भएको निर्णय शंसोधन गरी प्रदेश सरकारबाट तोकिए अनुसारको स्थानमा नै पूल निर्माणका लागि सिफारिस गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं ११,**

प्रस्ताव नं.११ उपर छलफल गर्दा यस नगरपालिका वडा नं. ७ रामवासमा रहेको भिमसेन आदर्श मा.वि. लाई नमूना मा.वि. को रुपमा कायम गर्नका लागि तयार भएको गुरुयोजना स्वीकृत गरी सोही अनुसारको कार्यसंचालन गर्न इजाजत दिने निर्णय गरियो ।

**निर्णय नं. १२,**

प्रदेशिक एवम् स्थानीय सडक निर्माण सुधार कार्यक्रम अन्तरगत हालसम्म पक्की सडक मार्फत राष्ट्रिय सडक सन्जाल तथा प्रदेश राजधानी नजोडिएका स्थानीय तहले प्रदेश केन्द्र जोड्ने सडकका लागि प्रदेशिक एवम् स्थानीय सडक निर्माण सुधार कार्यक्रम संचालन कार्यविधि २०७७ अनुसार पूर्व पश्चिम राजमार्गको देवचुली न.पा.१३ को दलदलेवजार देखि कुमसोत हुदै धौवादी, राइकोट, तल्लोराईकोट, भदौरी, लपाक, जौवारी, भारतीपुर, अत्रौली, मच्याडी डेडगाउं हुदै गण्डकी प्रदेशको केन्द्र जोड्ने सडकलाई स्तरोन्नतीका लागि सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं १३,**

प्रस्ताव नं. ८ उपर छलफल गर्दा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम परियोजना प्रस्ताव अन्तरगत तपसिलमा उल्लेखित १५ वटा विद्यालयहरुवाट उक्त कार्यक्रमका लागि सिफारिस माग भइ आए अनुसार सवै विद्यालयहरुलाइ सम्वन्धित निकायमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

**निर्णय ०ः**

देवचुली नगरपालिका अन्तरगत विभिन्न सामुदायिक विद्यालयहरुले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागि आवश्यकताको आधारमा तयार गरी दर्ता गरेका परियोजना प्रस्तावहरुलाई प्राथमिकताका आधारमा सिफारिस गरी सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

| जिल्ला | स्थानीय तह | विद्यालयको नाम | प्रस्तावित कार्यक्रम | अनुमानित लागत | संलग्न कागजातहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| नवलपुर | देवचुली नगरपालिका | कालिका माध्यमिक विद्यालय देवचुली-९ | भौतिक पूर्वाधार पुन संरचना | १७८०००० | वि.व्य.स.को निर्णय, आयोजनाको प्रस्तावना, आवश्यक इस्टिमेट पेपर र देवचुली नगर कार्यपालिकाको निर्णय अनुसारको सिफारिस | |
| | | | गुणस्तरका लागी प्रविधि जडान र तालिम | २५१०००० | | |
| नवलपुर | देवचुली नगरपालिका | कुमारवर्ति आधारभूत विद्यालय देवचुली-१३ | भौतिक पूर्वाधार पुन संरचना | २५००००० | | |
| नवलपुर | देवचुली नगरपालिका | जन ज्योति माध्यमिक विद्यालय देवचुली-१४ | विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन | २८३०११६ | | |
| | | | कम्पाउण्ड वाल निर्माण | १८४८०६९।२० | | |
| नवलपुर | देवचुली नगरपालिका | देवचुली प्राथमिक विद्यालय देवचुली-१६ | फर्निचर मर्मत निर्माण | १००००० | | |
| | | | कक्षा कोठा मर्मत सुधार | १००००० | | |
| | | | शैक्षिक सामाग्री खरिद | ५०००० | | |
| नवलपुर | देवचुली नगरपालिका | सूर्य किरण आधारभूत विद्यालय देवचुली-११ | दुई कोठे भवन निर्माण | २५००००० | | |
| नवलपुर | देवचुली नगरपालिका | जीवन ज्योति आधारभुत विद्यालय देवचुली-१७ | दुई कोठे भवन निर्माण | २५००००० | | |
| नवलपुर | देवचुली नगरपालिका | नेपाल माध्यमिक विद्यालय देवचुली-१ | विद्यार्थीको सिकाई उपलब्धि स्तर अभिवृद्धि | २५००००० | | |
| | | | गुणस्तरको लागी नविन प्रविधि, सिकाई सामाग्री व्यवस्थापन | २५००००० | | |
| नवलपुर | देवचुली नगरपालिका | बाल्मीकी आधारभुत विद्यालय देवचुली-१४ | ट्रस निर्माण | २३३९८२३।२० | | |
| नवलपुर | देवचुली नगरपालिका | पृथ्वी माध्यमिक विद्यालय देवचुली-१० | कक्षा कोठा भवन निर्माण | २५२२८८२ | | |
| नवलपुर | देवचुली नगरपालिका | शान्ति सृजना आधारभुत विद्यालय देवचुली-४ | कक्षा कोठा भवन निर्माण | २६४०४२६ | | |
| नवलपुर | देवचुली नगरपालिका | वरचुली माध्यमिक विद्यालय देवचुली-१७ | ट्रस निर्माण | ३२८१७१३ | | |
| | | | कम्प्युटर ल्याब निर्माण | १५००००० | | |
| नवलपुर | देवचुली नगरपालिका | भिमसेन आदर्श माध्यमिक विद्यालय देवचुली-७ | स्मार्ट बोर्ड खरिद | १६००००० | | |
| | | | गणित प्रयोगशाला सामाग्री खरिद | ९००००० | | |
| नवलपुर | देवचुली नगरपालिका | बाल किरण आधारभुत विद्यालय देवचुली-६ | छाना छाउने जस्ता पाता | ४८६५३८।९६ | | |
| नवलपुर | देवचुली नगरपालिका | देवचुली माध्यमिक विद्यालय देवचुली-१६ | प्राविधिक तथा व्यवसायिक विषयमा पहुँच वृद्धि | २५००००० | | |
| नवलपुर | देवचुली नगरपालिका | सकला माध्यमिक विद्यालय देवचुली-५ | गुणस्तरीय शिक्षाका लागि नविन प्रविधि, नवप्रवर्तन र सिकाई सामग्री व्यवस्थापन | २५००००० | | |
| | | | विद्यार्थीको सिकाई उपलब्धी स्तर अभिवृद्धि | १८७१४८० | | |

गोविन्द निरौला
प्रमुख प्रशासकीय अधिकृत

... कुमार ...
नगर प्रमुख

Scanned with CamScanner